झापा राजपत्र

झापा गाउँपालिकाद्वारा प्रकाशित

खण्ड ६ संख्या-०३

झापा राजपत्र

भाग-१

नेपालको संविधानको धारा ५७(४), २२६(१)र स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा १०२ को उपदफा (१) बमोजिम झापा गाउँपालिकाको गाउँ सभाले बनाएको ऐन सर्वसाधारणको जानकारीका लागि प्रकाशन गरिएको व्यहोरा अनुरोध छ ।

## झापा गाउँपालिकाको आर्थिक ऐन २०८२ (प्रथम संशोधन), २०८२

**प्रस्तावना:**

**झापा गाउँपालिकाको आर्थिक वर्ष २०८२/८३ को अर्थ सम्बन्धी प्रस्तावलाई कार्यान्वयन गर्नको निमित्त स्थानीय कर तथा शुल्क संकलन गर्ने, छुट दिने तथा आय संकलनको प्रशासनिक व्यवस्था गर्न आर्थिक ऐन २०८२ मा केहि संशोधन गर्न वाञ्छनीय भएकोले**

**स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा (१०२) बमोजिम गाउँसभाले आर्थिक ऐन २०८२ लाई संशोधन गरेको छ ।**

**१. संक्षिप्त नाम र प्रारम्भः** (१) यो ऐनको नाम झापा गाउँपालिकाको आर्थिक ऐन ,२०८२ (प्रथम संशोधन), २०८२ रहेको छ ।

(२) यो ऐन मिति २०८२ माघ १ गते देखि झापा गाउँपालिका क्षेत्रभित्र लागु हुनेछ ।

२. मुल ऐनको अनुसूचि -४ को घ) **सूचना तथा संचार सेवा प्रदायक** को तालिकामा रहेको क्र.सं. ६ र ७ मा संशोधन गरि तपसिल बमोजिमको व्यवस्था गरिएको छ ।

| क्र.सं. | व्यवसायको प्रकार | व्यवसाय रजिष्ट्रेशन शुल्क (रु.) | व्यवासाय नविकरण शुल्क(रु.) | कै. |
|---|---|---|---|---|
| ६ | मोवाइल टावर ठुलो | २५०००/- | १५०००/- | |
| ७ | मोवाइल टावर सानो | १५०००/- | १००००/- | |

३. मूल ऐनको अनुसूचि ४ को थ) अन्य समुह को तालिकामा रहेको क्र.सं. ३ कृषि/पशुपन्छी फर्म मा रहेको व्यावसाय नविकरण शुल्क संशोधन गरि रु. ७५०/- कायम गरिएको छ ।

४. मुल ऐनको अनुसूची-१३ अन्तर्गत घरनक्सा पास शिर्षकमा भएको व्यवस्थालाई तपसिल बमोजिम हुने गरि संशोधन तथा थप गरिएको छ ।

<u>घरनक्सा पास दस्तुर</u>

१. <u>आर.सी.सी. फ्रेम स्ट्रक्चर, इटा वा ढुङ्गा र सिमेण्टको प्रयोग भएका पक्कि घर</u>

| सि.नं | विवरण | घर नक्सापास | घर नक्सा अभिलेख | कैफियत |
|---|---|---|---|---|
| १ | १००० वर्गफुट सम्मको घरको प्रति वर्गफुट | ६।०० | १२।०० | |
| २ | १००१ देखि १५०० सम्मको घरको लागि प्रति वर्गफुट | ७।५० | १५।०० | |
| ३ | १५०१ देखि २५०० सम्मको घरको लागि प्रति वर्गफुट | १०।५० | २०।०० | |
| ४ | २५०१ देखि ४००० सम्मको घरको लागि प्रति वर्गफुट | १२।०० | २५।०० | |
| ५ | ४००१ देखि माथि प्रति वर्गफुट | १४।०० | ३०।०० | |

२. <u>अर्ध कच्चि वा पूर्ण कच्चि घर साथै पर्खाल</u>

| सि.नं | विवरण | घर नक्सापास | घर नक्सा अभिलेख | कैफियत |
|---|---|---|---|---|
| १ | भुँई तलामा पक्की दिवाल भइ माथि टीनको छाना भएको प्रतिवर्ग फुट | २।७५ | ३।५० | |
| २ | काठको घर वा टाँडे घर प्रतिवर्ग फुट | १।७५ | २।५० | |
| ३ | काठ तथा बाँसको सेण्टर बेरा सिमेण्टको प्लष्टर, जस्तावा खरको छाना प्रतिवर्ग फुट | २।५० | ३।०० | |
| ४ | पूर्ण कच्चि घर एक मुष्ठ | ७००।०० | १०००।०० | माटो तथा ढुङ्गाले बनेको घर यस वर्गमा पर्ने |
| ५ | इटा वा ढुंगा र सिमेण्टको पक्कि पर्खाल प्रति रनिङ्ग फिट | ६।०० | ८।०० | |

३. घर नक्सा नामसारी दस्तुर

| सि.नं | विवरण | घर नक्सा नामसारी दस्तुर | कैफियत |
|---|---|---|---|
| १ | १००० वर्गफुट सम्म | ५००।०० | |
| २ | १००१ देखि १५०० सम्म | ७५०।०० | |
| ३ | १५०१ देखि २५०० सम्म | १०००।०० | |
| ४ | २५०१ देखि ४००० सम्म | १२००।०० | |

| | | | |
|---|---|---|---|
| ५ | ४००१ देखि माथि | १५००।०० | |
| ६ | भुँई तलामा पक्की दिवाल भइ माथि टीनको छाना भएको | ३००।०० | |
| ७ | काठको घर वा टाँडे घर | २००।०० | |
| ८ | काठ तथा बाॅसको सेण्टर बेरा सिमेण्टको प्लष्टर, जस्ता वा खरको छाना | २५०।०० | |
| ९ | पूर्ण कच्चि घर | १५०।०० | |
| १० | इटा वा ढुंगा र सिमेण्टको पक्कि पर्खाल प्रति रनिङ्ग फिट | २।०० | |

**प्रयोगशाला (ल्याव ) सेवा शुल्क**

प्रयोगशाला ल्याव शुल्क शिर्षकमा मूल ऐनमा तपसिल बमोजिमको *INVESTIGATION* थप गरिएको छ ।

| ***S.N*** | ***INVESTIGATION*** | ***RATE*** | ***REMARKS*** |
|---|---|---|---|
| ***1*** | ***SCRUBTYPHUS TEST*** | ***500/-*** | |

५. **मूल ऐनको** अनुसूचि-१४ को “ख” मा व्यवस्था भएको “व्यवसाय दर्ता तथा नविकरण” सम्बन्धमा तपसिल बमोजिम हुने व्यवस्था गरिएको छ ।

- विगत वर्षमा दर्ता र नवीकरण गर्न बाँकी रहेका व्यवसायीले आफ्नो व्यवसाय सम्बत २०८२ चैत्र मसान्त सम्म दर्ता र नवीकरण गर्न आउँदा विगत दुई आ. व. २०८०/८१ र २०८१/८२ बाहेकको व्यवसाय कर नवीकरण शुल्क, ब्याज, जरिवाना र थप दस्तुर समेत बुझाउनु पर्ने छैन भन्ने व्यवस्था गरिएको छ।

अन्यत्र जे सुकै लेखिएतापनि विगत वर्ष देखि नै पालिका भित्र व्यवसाय संचालन गरि हालसम्म व्यवसाय दर्ता नगरेको हकमा व्यवसाय रजिष्ट्रेशन शुल्क समेत लाग्नेछ ।

पेश गरेको मितिः २०८२/०९/२५
पारित मिति : २०८२/०९/२५
प्रमाणिकरण मितिः२०८२/०९/३०

<u>आज्ञाले</u>

जनार्दन निरौला

प्रमुख प्रशासकीय अधिकृत